नगरसभाबाट स्विकृत मिति २०७५/१/३०

# कमलामाई नगरपालिका

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ नं. प्रदेश
सिन्धुली

# कमलामाई नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रमाणिकरण मिति : २०७५/०२/१०**

प्रस्तावना :

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा १०२ को (उपदफा १) बमोजिमकमलामाई नगरपालिका क्षेत्रभित्र लागू हुने गरी नगरसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यो ऐनको नाम प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन कमलामाई नगरपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस-ऐनमा,

(क) "ऐन"भन्नाले नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका"भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका"भन्नाले कमलामाई नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. नियम बनाउने अधिकार : संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने संविधान, : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही कार्यपालिकाले आवश्यकताअनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

५. खारेजी र बचाऊः यो ऐन बन्नु अगाडि कार्यपालिकाबाट भएका प्रशासकीय प्रकृतिका निर्णय र आदेश यसै ऐन बमोजिम भएको मानिनेछ ।